# प्रमाण पत्र (ब्लुबुक) को प्रतिलिपि जारी गर्ने सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८३/०३/१७

यस यातायात व्यवस्था कार्यालय सवारी, इटहरी, सुनसरीमा दर्ता कायम रहेको प्र ०१ ०२ ००३ ह ९६०५ नम्बरको सवारी साधन (ई-रिक्सा) को सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) हराएको/नासिएको भनी उक्त सवारीका धनी लखनपुर-१ ,झापा हाल- कानेपोखरी-७, मोरङ स्थायी ठेगाना भएका श्री रमेश विश्वाकर्माले प्रतिलिपि उपलब्ध गराइपाऊँ भनी यस कार्यालयमा निवेदन दिनुभएको छ।

निज निवेदकले ट्राफिक प्रहरीको सिफारिस, वडा कार्यालयको सिफारिस तथा सर्जमिन मुचुल्का लगायतका आवश्यक कागजातहरू सहित प्रतिलिपिको लागि माग गर्नुभएको छ। **गत भदौ २३ र २४ मा भएको जेन्जी आन्दोलनले यस कार्यालयको सवारीसँग सम्बन्धित सम्पूर्ण अभिलेखहरु जलेर नष्ट भएको हुँदा** कोशी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ बमोजिम निजलाई प्रतिलिपि जारी गर्नु अगावै सवारी धनी थप एकीन गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

उक्त सवारी साधन र सवारी दर्ता प्रमाण पत्रका सम्बन्धमा निवेदक बाहेक अन्य कसैको कुनै प्रकारको हकदाबी वा विरोध भएमा यो सूचना यस कार्यालयको वेबसाइट/फेसबुक पेजमा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (२०८३/०३/२४ भित्र) आफ्नो स-प्रमाण दाबी सहित यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

तोकिएको म्यादभित्र कुनै पनि दाबी विरोध पर्न नआएमा कानुन बमोजिम निवेदकलाई उक्त सवारी साधनको सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपि जारी गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

सम्पर्कः

यातायात व्यवस्था कार्यालय सवारी, इटहरी, सुनसरी ।

इमेलः tmo.sunsari1@gmail.com